नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार

सिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको सूचना

सूचना प्रकाशन मिति २०८३/०७/१२

यस मन्त्रालयको चालु आ.व. २०८३/८४ को अवधिको लागि आवश्यक स्टेशनरी तथा छपाई सम्बन्धी सामाग्री खरिद गर्न सात दिन अवधि रहेको सिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको छ। विस्तृत सूचना यस मन्त्रालयको सूचना पाटीमा टाँस गरिएको र वेबसाइट (https://www.moljpa.gov.np) मा राखिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार

स्टेशनरी तथा छपाई सम्वन्धी सामग्री खरिद सम्वन्धी सिलवन्दी दरभाउपत्र आह्वान गरिएको सूचना (विस्तृतमा)

मिति २०८३/०७/१२ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार यस मन्त्रालयलाई चालु आ.व.२०८३/८४ को लागि आवश्यक स्टेनरी तथा छपाई सम्बन्धी सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन जानकारी गराईन्छ ।

तपसिल

१. दरभाउ पत्र खरिद सम्वन्धमाः- गोरखापत्र दैनिकमा सूचना प्रकाशन मिति २०८३/०७/१२ देखि ७ औं दिन कार्यालय समय भित्र इच्छुक फर्म/कम्पनीले फर्म दर्ता/नविकरण भएको ईजाजत प्रमाणपत्र,कर दर्ता/नविकरण भएको प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न राखि लिखित निवेदन पेश गरी यस मन्त्रालयको आर्थिक प्रशासन शाखावाट रु.१०००/- नगदै तिरी खरिद गर्न सक्नेछ ।

२. दरभाउ पत्र दर्ता सम्वन्धमाः- मन्त्रालयवाट खरिद गरेको दरभाउपत्र रितपूर्वक प्रति इकाई कबोल दर भरी सिलवन्दी खामको बाहिरपट्टि वाहिर यस मन्त्रालयलाई सम्वोधन गरी आ.व.२०८३/८४ को स्टेशनरी तथा छपाई सम्वन्धी सामाग्री खरिद सम्वन्धी सिलवन्दी दरभाउपत्र भनी प्रष्ट रुपमा उल्लेख गरी सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२.०० वजे सम्म (जुन फर्मको नाममा खरिद भएको हो सोही फर्मले) दर्ता गर्नु पर्नेछ।

३. जमानत सम्वन्धमाः- जमानतबापत यस मन्त्रालयको कार्यालय कोड नं.३११००३५०१ बाट कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरवारको नाममा राष्ट्रिय वाणिज्य बैंक सिंहदरवार शाखामा रहेको धरौटी खाता नं.१९६०१००१०२०३०००० मा रु.५०,०००/- नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा सो वरावर मान्यता प्राप्त गरेको बाणिज्य बैकहरुवाट यस मन्त्रालयको नाममा कम्तीमा ९० दिनको म्याद भई जारी भएको बैंक जमानत पत्र संलग्न हुनु पर्नेछ ।

४. दरभाउ पत्रको ग्राह्यताको आधार प्रमाणित गर्ने कागजातहरु संलग्न हुनुपर्नेः- I. फर्म दर्ता/नविकरण प्रमाण पत्र II. स्थायी लेखा नम्वर दर्ता/नविकरण प्रमाणपत्र तथा आ.ब. २०८२/८३ को कर चुक्ता प्रमाणपत्र (प्रकृयामा रहे म्याद थपको कागज) III. फर्म कम्पनीको आधिकारिक दस्तखत गर्न पाउने अधिकार पत्र ।IV. खरिद कारवाहीमा अयोग्य नभएको वा कालोसूचीमा नपरेको स्वघोषणा (दरभाउ पत्र साथ संलग्न रहेको)

५. सार्वजनिक बिदा परेमाः- दरभाउपत्र खरिद र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र जमानत र मान्य अवधिको गणना साविककै मितिबाट गरिनेछ ।

६. यो सूचनामा माग भएको कागजात संलग्न नभएको, विभिन्न शर्तहरु उल्लेख गरेको, दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेख गर्नु पर्ने विवरणहरु उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. प्रस्तावित दर उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित दर मान्य हुनेछ ।

८. निर्धारित समयसम्म दर्ता भएको दरभाउपत्र ८ औं दिन दिउँसो १:०० वजे यस मन्त्रालयमा खोलिने छ । सो समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित हुनु होला । उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

९. दरभाउपत्रमा उल्लेखित सामग्रीहरु सामान्यतया २०८४ असार मसान्त सम्म मन्त्रालयको आवश्यकता तथा स्वीकृत बजेटको सीमाभित्र रही एकै पटक वा पटक पटक खरिद आदेशको मार्फतवाट खरिद गरिनेछ। उक्त तरिका अनुसार सामान समयमै सप्लाई गर्नु पर्नेछ । समयमै उपलव्ध गराउन नसकेमा कार्य सम्पादन जमानतबाट समेत व्यवस्थापन गरिनेछ । दरभाउपत्रमा उल्लेख भएका सामान मन्त्रालयको आवश्यकता अनुसार कुनै आवश्यक नपरेमा/कम आवश्यक परे/वढी आवश्यक परे स्वीकृत भएकै दरमा बतीको हकमा ५० प्रतिशत सम्म उपलव्ध गराउनु पर्नेछ। आवश्यक नपरेको/कम आवश्यक परेको हकमा जती आवश्यक हुने हो त्यती मात्र खरिद गर्न सक्नेछ।

१०. दरभाउपत्रमा उल्लेख भएको सामान आपूर्ति गर्दा मन्त्रलयको जिन्सी शाखासम्म कबोल गरेको दरमा दरभाउपत्र दाताले नै उपलव्ध गराउनु पर्नेछ । ढुवानी, बिमा लगायत कुनै प्रकारका थप दायित्व मन्त्रालयले व्यहोर्ने छैन ।

११. दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेख भएको व्यहोरा बाहेकको व्यवस्थाहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ । यस सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस मन्त्रालयको आन्तरिक प्रशासन शाखा/आर्थिक प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

खरिद खम्बन्धी विवरण

सि.नं.	दरभाउ पत्र नं.	कार्य विवरण	लागत अनुमान मू·अ·कर सहित	जमानत रकम रु.
१	MOLJPA-NCB-01/2083/84	स्टेशनरी तथा छपाई सम्वन्धी सामान खरिद	१९,१६,३७१.८०/-	५०००.००/-